श्रीमती विद्यादेवी भण्डारी
Mrs. Bidya Devi Bhandari
पूर्व राष्ट्रपति, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल
Former President, Federal Democratic Republic of Nepal

बुढानीलकण्ठ नगरपालिका-२,
चपली, काठमाडौं ।
इमेलः bidyadevibhandari8@gmail.com

**संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ को शुभकामना !**

नेपाली जनताको दशकौँ लामो संघर्ष र बलिदानको फलस्वरूप जननिर्वाचित संविधानसभाद्वारा वि.सं. २०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान गर्न आज हामी संविधान दिवस तथा राष्ट्रिय दिवस मनाइरहेका छौँ। यस अवसरमा, म सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा संविधान दिवस तथा राष्ट्रिय दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, संविधान दिवसको पूर्वसन्ध्यामा गत भदौ २३ गते नयाँ पुस्ताका युवा विद्यार्थीहरूले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भष्टाचारको अन्त्य र सुशासनको स्थापनाको माग राखेर गरेको प्रदर्शनको क्रममा अमूल्य जीवन गुमाउने युवाहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

लोकतान्त्रिक प्रणालीलाई थप सुदृढ बनाउँदै सुशासन र पारदर्शिता कायम गर्न तथा भ्रष्टाचार निवारण गर्न संविधानको पालना र कानुनको शासन अपरिहार्य हुन्छ। समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि सामाजिक–आर्थिक विकासलाई तीव्रता दिनु आवश्यक छ। राजनीतिक स्थिरताका लागि समाजमा अमनचयन, शान्ति र सुव्यवस्था कायम राख्दै आपसी सद्भाव र एकतालाई थप सुदृढ तुल्याउनु पर्ने हुन्छ। तसर्थ, आवेग, उत्तेजना र प्रतिशोधको भावनाभन्दा माथि उठेर राष्ट्रको सर्वोत्तम हितलाई ध्यानमा राखी यथार्थको धरातलमा उभिएर विवेकसम्मत ढङ्गले अगाडि बढ्नु हामी सबैको दायित्व हुन आउँछ।

संविधान दिवस मनाइरहँदा जननिर्वाचित ऐतिहासिक संविधानसभाबाट संविधान निर्माण गरेर लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न निर्णायक भूमिका खेलेका राजनीतिक दलहरूले आफ्नो भूमिका र दायित्वलाई गम्भीरतापूर्वक समीक्षा गर्दै गन्तव्यतर्फ अग्रसर बन्नु पर्दछ। लोकतन्त्र, गणतन्त्र, संघीयता, सामाजिक न्याय, समावेशिता, समानता जस्ता अवधारणालाई अङ्गीकार गरेको वर्तमान संविधानको रक्षा गर्न राजनीतिक दल, नागरिक समाज र आम जनता मिलेर अगाडि बढ्नु पर्दछ। लोकतान्त्रिक मूल्य र मान्यतालाई राज्यका अङ्ग तथा निकायमा मात्र नभई दलहरूको आन्तरिक प्रक्रियामा समेत गहिरोसँग आत्मसात् गर्नु पर्दछ। यसरी मात्र जनता र राजनीतिक दलका बीचमा नङ र मासु जस्तै मजबुत सम्बन्ध कायम रहन सक्दछ।

देश हामी नेपाली सबैको साझा हो। आजका बालबालिका, नवयुवा र युवा पुस्तासँग लामो समय हुने भएकाले भविष्यमा देश हाँक्ने जिम्मेवारी उनीहरूकै हो। युवाहरूमा रहेको जाँगर, उर्जा, सिर्जनशीलता, ज्ञान र सीपलाई सदुपयोग गरी समृद्धिको यात्रामा लगाउनु अहिलेको आवश्यकता हो। युवाहरूको माग, दबाव र स्वाभाविक आक्रोशलाई भने सकारात्मक रूपमा ग्रहण गरी स्वयं युवा, देश र जनताको हितमा सदुपयोग गर्नसक्नु सम्बद्ध सबैको दायित्व हो।

मुलुकलाई राजनीतिक अस्थिरता र अन्यौलतातर्फ धकेलिन नदिनका लागि मिहिनेत गर्नुपर्ने जिम्मेवारी राजनीतिक दलहरूको हो। देशको सार्वभौमसत्ता, अखण्डता र स्वाधीनता अटल राख्न सबै जिम्मेवार पक्षहरूले परिस्थितिको सूक्ष्म विश्लेषण गरी विवेकपूर्ण ढङ्गले अग्रसर हुनु अहिलेको ज्वलन्त आवश्यकता हो। राजनीतिक दलहरू लोकतन्त्रका चालक, सही राजनीतिक निकासका पक्षपोषक र राष्ट्रियताका प्रवर्द्धक भएकाले जस्तोसुकै कठिन परिस्थितिमा पनि सही निर्णय लिन चुक्नु हुँदैन। वर्तमान परिस्थितिमा दलहरू बीचको आपसी प्रतिस्पर्धालाई थाँती राख्दै, मनोमालिन्यता र तिक्ततालाई हटाएर संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि एक ढिक्का बन्नु पर्दछ। संविधान दिवसले यस दिशामा लाग्न हामी सबैलाई अभिप्रेरित गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ असोज ३ गते शुक्रबार।